# डिभिजन वन कार्यालय रौतहट

पत्र संख्याः-

चलानी नं.:- चोरी निकासी हुने बढी सम्भावना रहेकोले घाटगद्दी गर्न प्रकृया अगाडी बढाउन हुन आवश्यक कार्यवाहीको लागी यसै प्रतिवेदन साथ प्रकृति मुचुल्का पेश गरेको व्यहोरा अनुरोध छ भनी स.व.अ. श्री बैजनाथ मण्डल समेतको प्रतिवेदन प्राप्त हुन आएकोले सो घटनाको जाँचबुझ तथा अनुसन्धानको लागी निज स.व.अ. लाई नै खटाईएको ।

- मिति २०७८/८/१२ गतेका दिन चोचा सब डि.व.का.का कर्मचारीहरु जंगलसहिया साझेदारी वनमा नियमित टरगस्ती गर्ने क्रममाा गस्ती गर्दै जाँदा जि.रौ. गुजरा न.पा.-२ स्थित पुर्व : ठुली लिख, पश्चिम : निजगढ लिख, उत्तर : पुर्व पश्चिम लोकमार्ग, दक्षिण : जंगलसहिया साझेदारी वनक्षेत्र यति चार किल्ला भित्र जंगलसहिया साझेदारी वनमा ठुली लिख देखि १०० मी. पश्चिममा २ वटा मृगको सिंह बरामद गरी आवश्यक कार्यवाहीको लागी डि.व.का.मा यो प्रतिवेदन साथ पेश गरेका छौं भनी फरेष्टर श्री चेतन कुमार महतो समेतको प्रतिवेदन प्राप्त हुन आएकाले जाँचबुझको लागी अधिकृत श्री राजेश कुमार साहलाई खटाईएको ।
- उपरोक्त विषयमा मिति २०७८/८/१३ गतेका दिन धनसर सब डि.व.का.कर्मचारीहरुले टुरगस्ती गर्दै जाँदा उत्तर : महादेव डाँडाको बाटो, दक्षिण : वनजंगल, पुर्व : अल्लाजोर खोला, पश्चिम : वनजंगल यति चार किल्ला भित्र महादेवडाँडाको वनमा १९२" को साल जातको रुख काटिएको अबस्थामा देखि स्थानीय भद्र-भलादमीको रोहवरमा स्थलगत प्रकृती मुचुल्का बनाई यसै साथ राखी पेश गरेको छु । उक्त रुख को कस्ले काटेको हो चोर पत्ता लगाउने कार्य भै रहेको तथा बरामद विगो चोरी हुने सम्भावना रहेकोले सुरक्षित स्थानमा घाटगद्दी आदेश पाउनँ सादर अनुरोध छ भनी स.व.अ. श्री बैजनाथ मण्डलको प्रतिवेदन प्राप्त हुन आएकोले जाँचबुझको लागी निजलाईनै खटाईएको ।
- मिति २०७८/८/२० गते चन्द्रपुर सब डि.व.का.अन्तर्गतको रंगपुर साझेदारी वनक्षेत्र भित्र पुर्व : जंगल, पश्चिम : लमाहा खोला, उत्तर : जंगल र दक्षिण : बागमती सिंचाईको मुल नहर यति चार किल्ला भित्र लमाहा खोलाको पुर्वतर्फ किनारमा पुलछेउँमा जि.रौ. गुजरा न.पा. वडा नं -२ मैढा गाउँ बस्ने रामविश्वास चौधरीको अध्यक्षतामा बनेको समितिले जिल्ला रौतहट कटहरिया न.पा.-१ भसेढवा बस्ने राजकुमार महतोको आर्थिक सहयोगमा विना ईजाजत वन अतिक्रमण गरी मन्दिर निमार्ण कार्य गरिरहेको हुँदा निजहरुलाई पक्राउ गरी आवश्यक कार्यवाहीको लागी यो प्रतिवेदन पेश गरेका छौं भनी स.व.अ. श्री विमल कुमार ठाकुर समेतको प्रतिवेदन प्राप्त हुन आएकोले जाँचबुझ तथा अनुसन्धान कार्यको लागी निज स.व.अ.लाई नै खटाईएको ।
- मिति २०७८/८/२४ गते साँझ अं. १९:०० बजेको समयमा खटिएको प्रहरी गस्ती टोलीले जिल्ला रौतहट चन्द्रपुर न.पा. वडा नं. ४ गैडाटार चन्द्रनिगाहपुर सडक खण्डमा ना.२१प ७५४९ नं. को मोटरसाईकलमा जि.रौ. गुजरा न.पा.-१ कोठियार टोल बस्ने टुलको लामा दोङको छोरा वर्ष २३ को बिर बहादुर दोङ-१, ऐ.ऐ. बस्ने जित बहादुर दोङको छोरा वर्ष ३१ को विजय दोङ-१ समेत जना २ ले अवैध खयरको काठ जस्तो देखिने डमरु आकारको गोलाई बनाईएको थान-१६ बोकी गैडाटार तर्फबाट चन्द्रनिगाहपुर ल्याईरहेको अबस्थामा पक्राउ गरी यस कार्यालयमा दाखिला गरेको हुँदा दाखिला हुन आएको उक्त नं. को मोटरसाईकल र डमरु आकारको खयरको जस्तो देखिने काठ र पक्राउ परेका व्यक्तिहरुलाई आवश्यक कार्यवाहीको लागी यसैपत्र साथ ताहाँ कार्यालयमा पठाईएको व्यहोरा अनुरोध गरिन्छ भनी ईलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुर, रौतहटको च.नं.९५१ मिति २०७८/८/२५ को पत्रबाट लेखिआएकाले उक्त कार्यको जाँचबुझ तथा अनुसन्धानको लागी स.व.अ. श्री बैजनाथ मण्डललाई खटाईएको व्यहोरा जाहेरीको लागी सादर अनुरोध छ ।

अमरदेव प्रसाद यादव
डिभिजनल वन अधिकृत

e-mail: raudfo@gmail.com